फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या:- ०८२/८३
चलानी नम्बर:-

मिति:-२०८२/०५/०२
ने.सं.:-११४५ गुँलागा १०, सोमबार

## शैक्षिक परामर्श तथा भाषा प्रशिक्षण सञ्चालन गर्ने संस्थाहरूलाई अत्यन्त जरूरी सूचना ।

प्रस्तुत विषयमा मकवानपुर जिल्लामा सञ्चालित शैक्षिक परामर्श तथा भाषा प्रशिक्षण गराउने संस्थाहरूले प्रचलित कानून बेगर सञ्चालनमा रही अनुमति विपरितका कार्यहरू गर्ने गरेको भन्ने गुनासो प्राप्त हुन आएको सम्बन्धमा देहाय बमोजिमका विवरण अद्यावधिक गरी ७ (सात) दिनभित्र यस कार्यालयमा उपलब्ध गराउनु हुन सम्बन्धित सबैमा सूचित गरिएको छ ।

देहाय:-

१. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय वा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट प्राप्त इजाजत/अनुमति पत्र,
२. व्यवसाय दर्ता सम्बन्धमा स्थानीय पालिकाको व्यवसाय दर्ता प्रमाणपत्र,
३. आन्तरिक राजस्व कार्यालयमा दर्ता गरेको विवरण (कर दाखिला र कर विवरण पेश गरेको समेत देखिने कागजातहरू),
४. अनुमति पत्र एवं व्यवसाय दर्ता प्रमाणपत्र नियमित नवीकरण भएको प्रमाण,
५. भाषा प्रशिक्षकको हकमा तोकिएको स्तरको भाषा प्रशिक्षकको कागजात र करार सम्झौता (N2, IELTS, TITI),
६. परामर्शदाताको विवरण (करार सम्झौता समेत),
७. घर भाडा सम्झौता र दाखिला,
८. विदेशी प्रशिक्षक रहेको भन्ने प्रचार प्रसार सामग्री समेत रहेकोमा श्रम स्वीकृति, राहदानी र भिषा म्याद भएको कागजातहरू
९. शाखा सञ्चालनको अनुमति लिएको भए सो सम्बन्धी अनुमतिपत्र ।

तोकिएको समयमा कागजात उपलब्ध नगराएमा वा मापदण्ड पूरा गरेको नपाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

..................
(राजेन्द्र प्रसाद कडेल)
सहायक प्रमुख जिल्ला अधिकारी